# जिल्ला समन्वय समितिको बैठक संख्या ३८ मिति २०८२ पुस २० गतेको बैठकका प्रस्ताव तथा निर्णयहरु

| सि.नं. | प्रस्ताव | निर्णयको बेहोरा |
|---|---|---|
| १) | निर्णय कार्यान्वयन समीक्षा | जिल्ला समन्वय समितिको बैठक संख्या ३७ मिति २०८२ मङ्सिर ७ गते बसेको बैठकका निर्णयहरुको कार्यान्वयन प्रगतिको सम्बन्धमा जिल्ला समन्वय अधिकारीद्वारा प्रस्तुत विवरण माथि छलफल तथा समीक्षा गरियो। |
| २) | मौज्दात कोषबाट सञ्चालित आयोजना कार्यान्वयन सम्बन्धमा | जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम कार्यक्रम/आयोजना छनौट भएका आयोजनाहरुको हकमा जिल्ला समन्वय समितिका सदस्यहरुले आफ्नो कार्यक्षेत्रका आयोजनाहरुको अनुगमन गरी विवरण तयार गर्ने। कार्यान्वयनमा रहेका आयोजनाहरुलाई यथासक्य शीघ्रातिशीघ्र सम्पन्न गर्न र हालसम्म पनि कार्य सुरु नगरेका आयोजनाको हकमा तत्काल सुरु गर्न वा बजेट सरेन्डर गर्न सम्बन्धित गाउँ/नगरपालिकाहरुसँग समन्वय तथा छलफल कार्य अगाडि बढाउने। |
| ३) | स्थानीय तहको असल अभ्यास तथा सिकाई सम्बन्धी प्रदेश स्तरीय अनुभव आदान-प्रदान कार्यक्रमका लागि गाउँ/ नगरपालिका छनौट तथा सिफारिस सम्बन्धमा | जिल्ला समन्वय समितिको कार्यालय सोलुखुम्बुको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम मिति २०८२।०५।१२ मा सम्पन्न सोलुखुम्बु जिल्लाका स्थानीय तहको असल अभ्यास तथा सिकाई सम्बन्धी अनुभव आदान प्रदान कार्यक्रममा सहभागी गाउँपालिका तथा नगरपालिकाहरुमध्ये सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ७१ मिति २०८२।०९।०८ को पत्रमा बुँदा नं. ३ मा उल्लिखित छनौटका आधार (बुँदा नं. ३)हरुमा आधारित रही तपसिल बमोजिम एक/एक गाउँपालिका तथा नगरपालिकाहरुलाई स्थानीय तहको असल अभ्यास तथा सिकाई सम्बन्धी प्रदेश स्तरीय अनुभव आदानप्रदान कार्यक्रममा प्रस्तुतिका लागि छनौट तथा सिफारिस गर्नेः<br><u>तपसिल</u><br>क) नगरपालिकामध्येबाटः सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु (एक मात्र न.पा.)<br>ख) गाउँपालिकाहरुमध्येबाटः थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु |
| ४) | सभा हल निर्माण सम्बन्धमा | सरकारी सभा हल अभावमा जिल्लास्थित सरकारी कार्यालयहरुको आयोजनामा हुने सरकारी कार्यक्रम/गोष्ठी सञ्चालन गर्न असहज भएकाले जिल्ला समन्वय समितिको कार्यालय रहेको मुख्य भवन (ब्लक ए) को भुइँतलाका तीन वटा कोठा (कोठा नं. १०४ र १०५ बीचको वाल भत्काई हल निर्माण तथा सभाहलका लागि आवश्यक फर्निसिङ लगायतका सामग्री व्यवस्थापन गर्ने कार्यका लागि आवश्यक बजेट मौज्दात कोषमा रहेको बजेटबाट बेहोर्ने गरी सभा हल निर्माण कार्य तत्काल अगाडि बढाउने । |
| ५) | मौज्दात रहेको पुराना सामग्री तथा काठ प्रयोग सम्बन्धमा | साविक जिल्ला विकास समितिको कार्यालयको क्वाटर भवन तथा सभा हल भत्काउँदा निकालिएको काठ तथा पुराना सामग्रीहरु प्रयोगविहिन अवस्थामा रही कुहिने बिग्रिने अवस्था रहेकाले जिल्ला दर रेट तथा प्रचलित कानूनको अधीनमा रही प्रयोगयोग्य काठहरुबाट कार्यालय प्रयोजनका लागि आवश्यक फर्निचर तथा कोठामा प्यानलिङ लगायतका मर्मत कार्यमा प्रयोग गर्ने व्यवस्था मिलाउने । |
| ६) | जिसस प्रमुखको भ्रमण स्वीकृति सम्बन्धमा | तीन तहको सरकार बीच समन्वयात्मक पहल तथा भेटघाट र जिल्लाको कामका लागि मिति २०८२ पुस २७ गतेदेखि माघ ३ गतेसम्म अवधिको लागि जिल्ला समन्वय समितिका प्रमुख श्री कृष्ण निरौलाको भ्रमण आदेश कोशी प्रदेशको जिल्ला सभा तथा जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ६(४) बमोजिम स्वीकृत गर्ने । |